नेपाल सरकार
Government of Nepal
युवा तथा खेलकुद मन्त्रालय
Ministry of Youth and Sports
युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय
Youth and Small Entrepreneur Self-Employment Fund Secretariat

Ref. No.

मिति: २०८०/०१/१३

# कोषसंग कर्जा सम्झौता गरी स्वरोजगार कार्यक्रम सञ्चालन गरेका सहकारी संस्थाहरुलाई व्याज अनुदान वितरण सम्वन्धी

## सूचना

नेपाल सरकार, युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग कर्जा सम्झौता गरी कोषको कार्यक्रम अर्न्तगत कर्जा लिई स्वरोजगार परियोजना संचालन गरेका कर्जाग्रहीहरुलाई कर्जा सदुपयोगिताको आधारमा निजहरुले तिरेको व्याजको ६० प्रतिशत व्याज अनुदान रकम सम्वन्धित सहकारी संस्था मार्फत वितरण गरिदै आएकोमा यस वर्ष (आ.व.२०७९।८०) देखि उक्त व्याज अनुदानको रकम सम्वन्धित कर्जाग्राहीहरुको बैंक खातामा पठाउने व्यवस्था भएकाले यस अघि नै व्याज अनुदान माग सम्वन्धी प्रस्ताव कोषमा पेश गरिसकेका सहकारी संस्थाहरुले सम्वन्धित प्रस्तावमा तोकिए बमोजिमका व्याज अनुदान माग गर्ने कर्जाग्राहीहरुको बैंक खाता संकलन गरी (बैंक खाता नभएका कर्जाग्राहीहरुको बैंक खाता खोल्न लगाई) खाता सञ्चालन भएको बकैंको नाम, शाखा र खाता नं. उल्लेख गरी, बैंक खाताको विवरण तयार गरी प्रत्येक व्यवसायीको नमूना चेक (प्रष्ट बुझिने गरी स्क्यान कपि वा प्रतिलिपि) संलग्न गरी कोषको कार्यक्रम प्रवर्द्धन, अनुसन्धान तथा सूचना शाखामा पठाई दिनुहुन अनुरोध छ । यो सूचना पश्चात व्याज अनुदान माग सम्वन्धी प्रस्ताव पेश गर्नुहुने संस्थाहरुलें प्रस्ताव सँगै उर्पयुक्तानुसारको (माथि उल्लेख भए बमोजिमको) बैंक खाता सम्वन्धी विवरण तयार गरी पेश गर्नुपर्नेछ । बैंक खाता पेश नभएका कर्जाग्राहीहरुको व्याज अनुदान रकम निकाशा गर्न नसकिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

२०८०/१/१३

(विश्वमोहन अधिकारी)

कार्यकारी निर्देशक

अनामनगर, काठमाडौं नेपाल, फोन नं.:+९७७-१-४१०२७८२/८८, फ्याक्स : +९७७-१-४१०२७८९/४१०२६७८
Anamnagar, Kathmandu, Ph.: +977-1-4102789/88, Fax : +977-1-4102789, 4102678, E-mail: info@ysef.gov.np, Web: www.ysef.gov.np